# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

शाखा कार्यालय

# पाटन औद्योगिक क्षेत्र

## परिचय

नेपालमा औद्योगिकीकरणमार्फत देश विकास गर्ने लक्ष्यले उद्योगलाई आवश्यक पर्ने भौतिक पूर्वाधारहरू जस्तै जमिन, भवन, सडक, ढल, विद्युत, पानी आदि एकै स्थानमा उपलब्ध गराउन वि.सं. २०१६ सालमा बालाजुमा औद्योगिक क्षेत्र स्थापना भए पश्चात देशका विभिन्न स्थानमा यस्ता क्षेत्र स्थापना गर्ने सिलसिलामा ललितपुर जिल्लाको लगनखेलमा मित्रराष्ट्र भारतको आर्थिक सहयोगमा वि.सं. २०१९ साल आषाढ ७ गते शिलान्यास भई २०२० साल मंसीर १२ गते यो क्षेत्र स्थापना भएको हो । ललितपुर जिल्ला नेपाली कला र संस्कृतिमा आधारित उद्योगहरू जस्तै तामा, पित्तल, ढलोट, ढुङ्गा, काठ आदिको मूर्ति, कार्भिङ्ग तथा अन्य सामान उत्पादन हुने स्थानको रूपमा परिचित रहेको सन्दर्भमा यस यसको संरक्षण र सम्बर्द्धन गर्दै अन्य उद्योगको पनि प्रबर्द्धन गर्ने उद्देश्यले यसको स्थापना भएको हो ।

यो क्षेत्र ललितपुर महानगरपालिकाको वडा नं. ६ र १५ मा अवस्थित रहेको र २९३ रोपनी जमिन क्षेत्रफलमा फैलिएको छ । क्षेत्रको मुख्य विषेशता स्वदेशी कच्चा पदार्थ, शीप र श्रममा आधारित पराम्परागत हस्तकला लघु,घरेलु उद्योग र आधुनिक प्रविधिमा आधारितसाना उद्योगहरूको सम्मिश्रण हो।
संक्षेपमा

**नामः पाटन औद्योगिक क्षेत्र**

| क्रस | स्थापनाः | वि.सं.२०१९ (शिलान्यास) | क्रस | जम्मा क्षेत्रफलः | २९३ रोपनी |
|---|---|---|---|---|---|
| १ | विकसित जमिनः | २९३ रोपनी | १७ | लिजमा दिइएको जमिनः | २२० रोपनी |
| २ | उद्योग संख्याः | ११३ वटा | १८ | चालु उद्योग संख्याः | १११ वटा |
| ३ | बन्दः | नभएको | १९ | निर्माणाधिनः | २ वटा |
| ४ | अन्य निकायः | ५ वटा | २० | रोजगारी संख्याः | २१०० जना |
| ५ | सरकारी लगानीः | ४.०१ करोड | २१ | निजी लगानीः | १७० करोड |
| ६ | विद्युत जडित क्षमताः | ४६०० के.भी.ए. | २२ | पानी उत्पादन क्षमताः | २ लाख लिटर/दिन |
| ७ | सडक लम्बाइः | ४ क.मि. | २३ | ढल लम्बाइः | ३ कि.मि. |
| ८ | ह्याण्डी क्राफ्ट उद्योग | २१ वटा | २४ | प्लाष्टिकजन्यः | १९ वटा |
| ९ | डेरीः | ३ वटा | २५ | मिठाईतथा आइसक्रिम/खाद्य | १० वटा |

# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

शाखा कार्यालय

# पाटन औद्योगिक क्षेत्र

| | | | | | |
|---|---|---|---|---|---|
| १० | काठ फर्निचर | ६ वटा | २६ | पिउने पानी | ३ वटा |
| ११ | स्टील तथा फलामजन्य | १५ वटा | २७ | आल्मुनियम युटेन्सिल | ४ वटा |
| १२ | तामा, ब्रासका सामान | ७ वटा | २८ | टेक्सटाइल, गार्मेन्ट्स | ६ वटा |
| १३ | निर्माण सामाग्री | ४ वटा | २९ | इञ्जिनियरिङ्ग/फेब्रिकेसन | नभएको |
| १४ | विद्युतीय सामान/मर्मत | ६ वटा | ३० | रबर/फोम | ३ वटा |
| १५ | प्रिन्टिङ्ग/मसलन्द | ३ वटा | ३१ | अन्य | ३ वटा |
| १६ | कर्मचारी दरबन्दी संख्या | २२ जना । | *३२* | *शोरूम* | *५ वटा* |